**संघीय संसद्**

# राष्ट्रिय सभा

**पाँचौं अधिवेशन**

**बैठक - २१**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ फागुन २१ गते बुधबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **एक्काईसौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्मानीय अध्यक्षले सभाको बैठकमा राष्ट्रिय सभाको सदस्यको रुपमा शपथ लिनु भएका माननीय सदस्यहरुलाई सभाको तर्फबाट स्वागत गर्नुभयो ।

तत्पश्चात, सम्मानीय अध्यक्षले नवनिर्वाचित माननीय सदस्यहरुलाई सभामा स्वागतका लागि राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरुको तर्फबाट बोल्नका लागि क्रमशः देहायका माननीय सदस्यहरुलाई समय उपलब्ध गराउनु भयो ।

**१. माननीय दीनानाथ शर्मा**
**२. मानननीय अनिता देवकोटा**
**३. माननीय प्रमिला कुमारी**

तत्पश्चात, सम्माननीय अध्यक्षले नवनिर्वाचित माननीय सदस्यहरुको तर्फबाट बोल्नको लागि क्रमशः देहायका माननीय सदस्यहरुलाई समय उपलब्ध गराउनु भयो ।

**१. माननीय नारायणकाजी श्रेष्ठ**
**२. माननीय शेखर कुमार सिंह**

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को कार्यभार तोकिएको सम्बन्धी देहायको पत्रको व्यहोरा पढेर सुनाउनुभयो ।

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय अर्थ र सन्चार तथा सूचना प्रविधि मन्त्री डा. युवराज खतिवडाले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा निजले सम्हाल्दै आउनुभएको अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(डा. हरि पौडेल)
सचिव

मिति :- २०७६ फागुन २०"

त्यसपछि, सम्माननीय अध्यक्षले, **सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली**को तर्फबाट **माननीय गृह मन्त्री रामबहादुर थापा**लाई **"अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन, २०७५/२०७६"** लाई सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

**तत्पश्चात, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीको** त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्जमा दोस्रो पटक मिर्गौला प्रत्यारोपण हुँदै गर्दा राष्ट्रिय सभाको तर्फबाट उहाँको सफल मिर्गौला प्रत्यारोपण सहित शिघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल फागुन २९ गते बिहीबार दिनको १:०० बजे** बस्ने गरी उक्त दिनको १:१५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव